




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५



❑ वर्ष २१ ❑ अङ्क २६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ मंसिर १५ गते सोमबार ❑ 30 Nov. 2020 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-



## चीनसँगका सम्झौता कार्यान्वयन प्रक्रियामा छ : प्रधानमन्त्री

**रासस**
**काठमाडौं, १४ मंसिर**

प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल भ्रमणमा रहनुभएका चीनका रक्षामन्त्री वेइ फेङ्हेले दुई देशबीचको सम्बन्ध समस्यारहित रहेकाले आपसमा भएका सहमति र सम्झौता कार्यान्वयन प्रक्रिया अघि बढ्नेमा समान मत व्यक्त गर्नुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा शिष्टाचार भेटका क्रममा प्रधानमन्त्री ओलीले चीनका राज्य परिषद् सदस्य वेइसँग सन् २०१६ मा आफूले गरेको चीन भ्रमणका क्रममा भएको 'व्यापार र पारवहन सम्झौता' र अन्य द्विपक्षीय उच्चस्तरीय भ्रमणका क्रममा भएका सम्झौता कार्यान्वयनका क्रममा रहेको अवगत गराउनुभयो।

भेटमा सहभागी प्रधानमन्त्री ओलीका विदेश मामिला सल्लाहकार डा राजन भट्टराईका अनुसार प्रधानमन्त्री ओलीले गत वर्ष नेपालका भएको चिनियाँ राष्ट्रपति सी चीन फिङको ऐतिहासिक र सफल भ्रमणको स्मरण गर्दै नेपालको भूमि चीनविरुद्ध प्रयोग हुन नदिने प्रतिबद्धता दोहोऱ्याउनुभएको थियो। यसबीच राष्ट्रपति विद्यादेवी भण्डारीको पनि चीनमा औपचारिक



भ्रमण भएको थियो।

रक्षा मन्त्रालयको कार्यभार सम्हाल्नुभएका प्रधानमन्त्री ओलीले चीनले नेपालमा दूरसञ्चार, रेल, विद्युत्, आर्थिक र सामाजिक क्षेत्रको पूर्वाधार विकासमा गर्दै आएको सहयोगप्रति आभार व्यक्त गर्नुभयो। उहाँले नेपाल समृद्धिका क्षेत्रमा चीनको विकास र सफलताबाट सिक्न चाहेको पनि जनाउनुभएको थियो। प्रत्युत्तरमा चिनियाँ मन्त्री वेइले नेपालसँग भएका सम्झौताको कार्यान्वयनमा आफ्नातर्फबाट कुनै समस्या नरहेको उल्लेख गर्दै दुवै देश शान्तिका पक्षमा रहेकाले कुनै एक र अर्को देशसँगको सम्बन्धमा तेस्रो मुलुकको सम्बन्धलाई जोड्न नहुने बताउनुभएको थियो। सल्लाहकार डा भट्टराईका अनुसार मन्त्री वेइले चीन क्षेत्रीय र अन्तरराष्ट्रिय शान्तिका पक्षमा समेत रहेको स्मरण गराउनुभएको थियो। आइतबारनै प्रधानसेनापति पूर्णचन्द्र थापासँगको भेटमा आफूहरुले थप सैन्य सहयोग गर्ने विषयमा छलफल गरेको पनि मन्त्री वेइले जानकारी गराउनुभएको थियो। दुई देशबीच लामो समयदेखि घनिष्ठ र समस्यारहित सम्बन्ध रहेकामा दुवै नेताले भेटका अवसरमा सन्तोष व्यक्त गर्नुभएको थियो।

## थप एक हजार २५५ जनामा कोरोना, २४ को मृत्यु

**रासस**
**काठमाडौं, १४ मंसिर**

थप एक हजार २५५ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।

योसँगै नेपालमा कोरोना भाइरसबाट संक्रमितको संख्या दुई लाख ३१ हजार ९७८ पुगेको छ। पछिल्लो २४ घण्टामा आठ हजार आठ जनाको पीसीआर परीक्षण गरिएको थियो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हालसम्म दुई लाख १२ हजार ५९० जना कोरोना भाइरसबाट मुक्त भई घर फर्किएका छन्। पछिल्लो २४ घण्टामा देशभर एक हजार ४०४ संक्रमित निको भएर घर फर्किएका छन्। हाल देशभर १७ हजार ९०९ सक्रिय संक्रमित रहेका छन्। नेपालमा कोरोना भाइरसको संक्रमणबाट थप २४ जनाको मृत्यु भएको छ। योसँगै नेपालमा कोरोना भाइरसको संक्रमणबाट मर्नेको संख्या एक हजार ४७९ पुगेको मन्त्रालयले जनाएको छ। शनिबार १९ कोरोना संक्रमितको मृत्यु भएको थियो।

## जीप दुर्घटनामा एकको मृत्यु, पाँच घाइते

**पोखरापत्र संवाददाता**
**बेनी, १४ मंसिर**

म्याग्दीको मङ्गला गाउँपालिका-२ बाबियाचौरको काफलचौरमा भएको बोलेरो जीप दुर्घटनामा एकको मृत्यु भएको छ, भने पाँच जना घाइते भएका छन्।

बाबियाचौर लाम्पाटाबाट सल्लानतर्फ जाँदै गरेको प्रदेश २-०३००१ च ०२५२ नम्बरको बोलेरो जीप आइतबार बिहान भाइबाङ खोला नजिकको सडकबाट खसेर दुर्घटना भएको हो। दुर्घटनामा परेर जीपमा सवार ११ वर्षीया बालिका करिस्मा क्षेत्रीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। दुर्घटनमा परी जीपका चालक ४२ वर्षका खुमबहादुर कटुवालसहित पाँच जना घाइते भएका छन्।

घाइते चालक कटुवाल र उनकी श्रीमती सुनिता क्षेत्री, जीपमा सवार सुकला केसी, कृपा क्षेत्री र राजन क्षेत्रीलाई उपचारका लागि बेनी अस्पताल लगिएको छ।

## उडिरहेको हेलिकप्टरमा चील ठोक्किएपछि

**पोखरापत्र संवाददाता**
**बागलुङ, १४ मंसिर**

जिल्लाको गलकोट नगरपालिकाबाट आइतबार दिउँसो काठमाडौँका लागि उडेको कैलाश एयरको हेलिकप्टर त्रिभुवन विमानस्थलमा अवतरण हुन केही मिनेटमात्र बाँकी थियो।

नुवाकोटमाथिको आकाशमा पुग्दा वेगले उडेर आएको चील हेलिकप्टरकोअगाडिपट्टिठोक्कियो। सिसाफुट्यो।हेलिकप्टरमासवारयात्रु अत्तालिए। अनुभवी चालक दीपक पुनले सावधानीपूर्वक नुवाकोटको बेलकोटगढी नगरपालिका-६ मा हेलिकप्टरलाईआकस्मिकअवतरण गराउनुभयो। हेलिकप्टरलाई ठूलो दुर्घटना हुनबाट उनले जोगाए। 'शुरुमा चील देखिनासाथ चालकले छलिरहनुभएको थियो, तर पछि फेरि आएर जोडसित ठोक्कियो', हेलिकप्टरमा सवार गलकोट नगरपालिका-३ का अध्यक्ष वीरजङ्ग भण्डारीले भने।

हेलिकप्टरभित्रै छिरेको चील रगताम्य अवस्थामा अर्को झ्यालबाट निस्केको उनको भनाइ छ। चालक पुनको कुशलता र साहसका कारण ठूलो दुर्घटना टरेको भण्डारीले बताए। 'भाग्यवश बाँचियो, आकाशमा त्यो क्षण कस्तो थियो अहिले भन्न कठिन भइरहेको छ', उनले भने।

हेलिकप्टरमा भण्डारीसहित गलकोटकै सुरेन्द्र श्रेष्ठ, सरोज मल्ल र गीता मल्ल सवार रहेका थिए। उनीहरु व्यक्तिगत कामका सिलसिलामा हेलिकप्टर चार्टर गरेर काठमाडौँ जाँदै थिए।

दिउँसो १२ बजेर ५० मिनेट जाँदा गलकोटबाट उडेको हेलिकप्टरलाई चालकले १ बजेर ४५ मिनेटमा नुवाकोटमा आकस्मिक अवतरण गराएका थिए। चील ठोक्किँदा हेलिकप्टरको अगाडिको भागमा क्षति पुगेको जनाइएको छ। अघिल्लो सिटमा बस्नुभएका भण्डारीको हात र खुट्टामा सामान्य चोट लागे पनि चालक र अरू यात्रु सकुशल रहेको जनाइएको छ। उक्त हेलिकप्टरमा सवार यात्रुलाई पछि कैलाश एयरकै अर्को हेलिकप्टरले उद्धार गरी काठमाडौँ पुऱ्याएको थियो।

## पोखराबाट सुरु भएको भेन्टिलेटर खरिद गर्ने अभियानमा तपाईले पनि सहयोग गर्ने की ?

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ मंसिर**

जीवन बचाउने अभियानका साथ पोखरामा सुरु भएको भेन्टिलेटर खरिद गर्ने अभियानमा सहयोग संकलन गर्न सुरु भएको छ।

गण्डकी प्रदेशको राजधानि पोखरामा भेन्टिलेटर बिना कोरोनाको कारण गम्भिर प्रकृतिका बिरामीहरुको ज्यान समेत गएकोले त्यसलाई मध्यनजर गरी आफुहरुले कास्कीमा भेन्टिलेटर उपलब्ध गराउने उद्धेश्यले भेन्टिलेटर खरिद गर्ने अभियानमा लागेको नेपाल भेन्टिलेटर सर्भिस कास्कीका अध्यक्ष विश्वशंकर पालिखेले बताए।

उक्त संस्था हालै गठन भएसंगै हाल पोखरामा एउटा भेन्टिलेटर र ३ वटा हाई फ्लो नजल क्यानुल (अक्सिजन आवश्यक पर्ने विरामीलाई भेन्टिलेटरमा राख्नुपर्ने अबस्था आउन नदिन र प्रभावकारी रुपमा अक्सिजन प्रवाह गर्ने उपकरण) तयारी अबस्थामा राखेको उनले बताए। आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा वोल्दै अध्यक्ष पालिखेले अब देखि कोरोनाको कारण गम्भिर प्रकृतिका कुनै पनि कास्कीका बिरामीहरु मर्न नपरोस भनेर आफुहरु भेन्टिलेटर जुटाउने अभियानमा लागेको बताए। उनले भने "हामीले केही समयमा १० वटा भेन्टिलेटर तथा क्यानुल उपलब्ध गराउने लक्ष्यका साथ लागेका छौं, हाम्रो अभियानमा सवैको साथ




र सहयोग आवश्यक परेको छ, हामीले २० वटासम्म भेन्टिलेटर तथा क्यानुल उपलब्ध गराउने लक्ष्य राखेका छौं।" पोखरामा भेन्टिलेटर तथा क्यानुल स्टक राख्ने र कास्कीका जुन अस्पतालका बिरामीलाई आवश्यक पर्छ न्यूनतम शुल्कमा आफुहरुले उपलब्ध गराउने भएको अध्यक्ष पालिखेले जनाए। भेन्टिलेटर तथा क्यानुल संचालनको लागि तालिम प्राप्त स्वास्थ्यकर्मी आवश्यक भएकोले गर्दा आगामी शनिबार पोखरामा तालिम समेत संचालन हुने भएको उनले जनाए। आफुहरुको अभियानलाई सफल पार्न स्वदेश तथा विदेशमा समेत सहयोग जुट्ने भएको अध्यक्ष पालिखेले बताए। आफुहरुको अभियानमा साथ र सहयोग गर्न सम्पूर्णमा अध्यक्ष पालिखेले आव्हान समेत गरेका छन्। आफुहरुले सामुदायिक अस्पताल, निजी अस्पताल र मेडिकल कलेजसंगको सहकार्यमा उक्त अभियान सुरु गरिएको संस्थाका सचिव रामकृष्ण ज्ञवालीले बताए। सरकारी अस्पातालमा दैनिक भेन्टिलेटर प्रयोग गरे वापत एक हजार, सामुदायिक अस्पतालमा २ हजार र प्राइभेट अस्पतालमा प्रयोग गरेवापत ३ हजार रुपैया शुल्क निर्धारण गरिएको उनले जनाए। त्यसै गरी सरकारी अस्पातालमा दैनिक क्यानुल प्रयोग गरे वापत ३ सय सामुदायिक अस्पतालमा ५ सय र निजी अस्पतालमा ७ सय रुपैशा शुल्क निर्धारण गरिएको सचिव ज्ञवालीले जनाए।

संस्थाको उक्त अभियानको लागि पोखराका विभिन्न संघ संस्था तथा व्यक्तिहरुले आर्थिक सहयोग गर्ने घोषणा समेत गरेका छन्। उक्त अभियानमा पोखराका युवा व्यवसायी शुनिल गोशेलीले एक लाख, नेपाल युवा उद्यमी मंचले २ लाख, संस्थाका अध्यक्ष विश्वशंकर पालिखेले एक लाख, होटल बाराहीका संचालक विप्लव पौडेलले एक लाख, रोटरी इन्टरनेशनल क्लब ३२९२ का पूर्व डिष्टिक गभर्नर किरणलाल श्रेष्ठले क्लवबाट एक लाख दिने घोषणा गरेको सचिव ज्ञवालीले जनाए। त्यसै गरी पोखराका युवा व्यवसायी आनन्द बतासले एउटा मेसिन खरिद गर्ने आश्वासन दिएको संस्थाले जनाएको छ। उक्त कार्यक्रममा डा.सरोज पोख्रेलले हरेक अस्पतालमा भएका भेन्टिलेटर व्याकअफको रुपमा राख्नाले गम्भिर कोरोनाका बिरामीहरुले भनेको समयमा भेन्टिलेटर पाउन नसकेको बताए। कोरोना शंक्रमण ८० प्रतिशतमा लक्ष्यण देखा नपर्ने, १५ प्रतिशतमा लक्ष्यण देखा पर्ने र बाँकी ५ प्रतिशतलाई मात्र भेन्टिलेरमा राख्नु पर्ने अबस्था आएको उनले जनाए। हाई फ्लो नजल क्यानुलको प्रयोगले भेन्टिलेटरमा लैजान नपर्ने अबस्थामा यसको प्रयोग निकै प्रभावकारी हुने भएकोले भेन्टिलेटर भन्दा पहिला यसको प्रयोग गर्दा कोरोनाका गम्भिर प्रकारका बिरामीलाई लाभ हुने डा.पोख्रेलले जनाए। उनले भने "हामीले धैरै भन्दा धैरै भेन्टिलेटर तथा क्यानुल जम्मा गर्न सके चिकित्सकको आत्मवल पनि उच्च हुन्छ।"

रोटरी इन्टरनेशनल क्लब ३२९२ का पूर्व डिष्टिक गभर्नर किरणलाल श्रेष्ठले क्लवको पहलमा भेन्टिलेटर सहितको अन्य सामान खरिदमा ५० प्रतिशत छुटमा उपलब्ध गराउने दाबी गरे। उनले प्रोटेवल भेन्टिलेटर ६ लाखमा भित्राउन सकिने बताए। २ देखि ३ सय अक्सिजन बैंक स्थापना गर्नुपर्ने बताएका श्रेष्ठले अडर गरेको न्यूनतम २ महिनामा भेन्टिलेटर पोखरामा भित्राउन सकिने जनाए। कोरोनाको रोकथाम सचेतना नै भएको उनले दाबी गरे।

## सांसद भट्टराईद्वारा योजना सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ मंसिर**

कास्की निर्वाचन क्षेत्र नं २ का प्रतिनिधिसभा सांसद विद्या भट्टराईले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमअन्तर्गत चालू वर्षका योजना सार्वजनिक गर्नुभएको छ।

सांसद भट्टराईले आइतबार पोखरामा पत्रकार सम्मेलन गरी पोखरा महानगरपालिकाअन्तर्गतका ११ वडा रहेको आफ्नो निर्वाचन क्षेत्रमा पूर्वाधार साझेदारी कार्यक्रमअन्तर्गत रु चार करोड बजेटबाट ३० योजना छनोट गरिएको जानकारी दिनुभयो। प्रतिनिधिसभा सदस्य भट्टराईले चालू वर्षमा नै सम्पन्न गर्न सकिने खालका पूर्वाधार विकासमा केन्द्रित गरेर योजना छनोट गरेको बताउनुभयो।

गत वर्ष मङ्सिर १४ गते सम्पन्न उपनिर्वाचनबाट प्रतिनिधिसभामा विजयी सांसद भट्टराईले आफूले एक वर्षका अवधिमा अल्पकालीन योजना सम्पन्न गर्ने तथा दीर्घकालीन योजनालाई प्राथमिकताका साथ अघि बढाउने कार्य गरेको बताउनुभयो। सांसद भट्टराईले पोखरा-७ र ६ जोड्ने मूलखोकमा बन्दै गरेको अपूरो कल्भर्टसहितको पुल निर्माण र रिटेनिङ वालमा रु २५ लाख बजेट छुट्याउनुभएको छ। पोखरा-११ को कालिकाचोक व्यँसघारी सडक स्तरोन्नति, रामघाट परोपकार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## काँग्रेस प्रदेश १(ख) कास्कीको अगुवा नेता तथा कार्यकर्ता बैठक

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ मंसिर**

नेपाली काँग्रेस प्रदेश १(ख) कास्कीले अगुवा नेता तथा कार्यकर्ता बैठक गरेको छ।

बैठकमा प्रदेश अन्तर्गत पोखरा महानगरपालिकाका पाँच वटा र मादी गाउँपालिकाका १२ वटा वडाका अगुवा नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो। बैठकले इकाइबाट नविकरण भई आएका सदस्यतालाई सर्वसम्मत क्षेत्रमा पठाउने र मंसिर २० गतेसम्म नयाँ सदस्यता वितरण कार्य टुङ्गोमा पुऱ्याउने निर्णय गरेको छ। प्रदेश सभा अध्यक्ष कृष्ण कोइरालाको अध्यक्षतामा भएको बैठकले पार्टी सुदृढिकरणको अभियान अघि बढाउने निर्णय गरेको छ। त्यस्तै, बैठकले सरकारले अनियमितता बढाइरहेको भन्दै पार्टीको ध्यानाकर्षण भएको जनाएको छ।

बैठकमा कास्की काँग्रेसका सभापति कृष्ण केसीले सदस्यता नवीकरण र वितरणको काम समयमा नै सक्न निर्देशन दिएको प्रवक्ता नवीन सिग्देलले जानकारी दिए। प्रदेश सभा अध्यक्ष कृष्ण कोइरालाको अध्यक्षतामा भएको बैठकमा कोषाध्यक्ष श्रीकृष्ण लामिछानेले स्वागत र सचिव सरोज केसीले संचालन गरेका थिए।




# पर्वत अस्पताल गण्डकी प्रदेशकै उत्कृष्ट

**पोखरापत्र संवाददाता**
**पर्वत, १४ मंसिर**

पर्वत अस्पताल गण्डकी प्रदेशमै उत्कृष्ट बनेको छ। विगत एक वर्षका अवधिमा अस्पतालमा निर्माणाधीन भौतिक संरचना र स्वास्थ्य सेवामा थप भएका सुविधासँगै अस्पतालको उपलब्धिस्तर प्रदेशमै पहिलो बनेको हो।

गण्डकी स्वास्थ्य निर्देशनालयबाट प्रदेशका ११ वटै जिल्लाका जिल्ला अस्पतालको व्यवस्थापन सुदृढीकरण मूल्याङ्कनअन्तर्गत 'न्यूनतम सेवा मापदण्ड' मूल्याङ्कनले अस्पतालले पछिल्लो एक वर्षमा व्यापक सुधार गरेको पुष्टि भएको छ । 'न्यूनतम सेवा मापदण्ड' मूल्याङ्कनमा गत वर्ष ४७ प्रतिशत नतिजा आएकामा यस वर्ष ७८ प्रतिशत नतिजा आएको हो । सुशासन तथा व्यवस्थापन, उपचार सेवा व्यवस्थापन र अस्पताल सहयोग सेवा गरी तीन वटा मूल विषयभित्र रहेर कूल ७६१ ओटा सूचकमा गरिएको मूल्याङ्कनमा अस्पतालले ती नतिजा पाएको स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका निर्देशक डा विनोदविन्दु शर्माले बताए । स्वास्थ्य निर्देशनालयले पर्वत अस्पतालमा भइरहेका शल्यक्रिया सेवा, डिजिटल एक्स-रे सेवा, ल्याब सेवा, मिर्गौलाको डाइलोसिस सेवा, शव चिस्यान केन्द्र, अक्सिजन प्लान्ट, सघन उपचार केन्द्र र भेन्टिलेटर सञ्चालन, गरीबका लागि विपद् कोष स्थापना, विशेषज्ञ सेवा, अत्याधुनिक अस्पताल भवन निर्माण, आयव्यय हिसाब सफ्टवेयर प्रणालीमा लैजानु, विदेशमा रहेका नेपालीसँगको सहकार्यमा आधुनिक उपकरण ल्याउनु, गत वर्ष स्वीकृत भएका सबै बजेट शीर्षकमा काम पूरा गरेर बजेट 'फ्रिज' हुन नदिनुलगायतलाई उल्लेख्य उपलब्धिको रूपमा लिएको हो । अघिल्लो अवधिमा प्राप्त भएको नम्बरमा एकै अवधिमा ३१ नम्बर बढी ल्याउने पर्वत अस्पताल गण्डकी प्रदेशकै पहिलो भएको उहाँको भनाइ थियो । ''एक वर्षको अवधिमा यति ठूलो प्रतिशत अन्तरको नम्बर ल्याउन अस्पताल सफल भएको छ,'' उनले भने, "अस्पतालमा शुरु भएका भौतिक निर्माणका काम र यहाँबाट प्रदान भइरहेका सेवा दुवै पक्षमा राम्रो सुधार भएको छ ।'' पछिल्लो समय अस्पतालमा थप हुँदै गएका सेवा सुविधालाई निर्वाध रूपमा सञ्चालन गर्न सक्नुपर्ने उहाँको सुझाव छ । अस्पताल विकास समितिका अध्यक्ष गोविन्द पहाडीले व्यवस्थापन समितिको क्रियाशीलता, स्रोतसाधन जुटाउन गरेको मिहेनत, विभिन्न सङ्घसंस्थाको सहयोग तथा अस्पतालका कर्मचारीको अथक प्रयासले मात्रै अस्पतालको सेवा सुविधामा सुधार भएको र उल्लेख्य नतिजा हासिल गरेको बताए । ''यो सफलता पाउनको लागि सरकारदेखि मातहतका निकाय, अस्पताल विकास समिति, सहयोग तथा चन्दादाता, कार्यरत कर्मचारीलगायत सबैको अमूल्य पसिना परेको छ,' उनले भने ।"

# ३९६ स्थानीय तहमा अस्पताल र सातवटै प्रदेशमा सरुवा रोग अस्पताल भवनको शिलान्यास हुँदै

**रासस**
**काठमाडौं, १४ मंसिर**

सरकारले स्थानीय तहसम्म स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले सोमबार एकैसाथ ३९६ स्थानीय तहमा अस्पताल भवन र सातवटै प्रदेशमा सरुवा रोग अस्पताल भवनको शिलान्यास गर्ने भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पहिलो चरणमा अस्पताल नपुगेका ३९६ स्थानीय तह पाँचदेखि १५ श्ययाको अस्पताल बनाउनका लागि थालेको हो। सोमबार अर्थमन्त्री विष्णुप्रसाद पौडेलले ललितपुरको गोदावरी नगरपालिकामा बन्न थालेको अस्पताल भवनको शिलान्यास गर्नुहुनेछ। यस्तै पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का वरिष्ठ नेता झलनाथ खनालले इलामका तीन स्थानीय तहमा अस्पताल भवनको शिलान्यास गर्नुहुनेछ । उहाँका स्वकीय सचिव कृष्ण भट्टराईका अनुसार नेता खनालले सूर्योदय नगरपालिका, माई नगरपालिका र सन्दकपुर गाउँपालिकामा बन्ने अस्पतालको शिलान्यास गर्नुहुनेछ।

यस्तै स्वास्थ्यमन्त्री भानुभक्त ढकालले चितवनको भरतपुरमा बन्न थालेको सरुवा रोग अस्पताल भवनको शिलान्यास गर्नुहुनेछ। सरकारले यसै आर्थिक वर्षमा सातवटै प्रदेशमा सरुवा रोग अस्पताल बनाउने घोषणा गरेको थियो । मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले सोमबार सातवटै प्रदेशमा ५० श्ययाको सरुवा रोग अस्पतालको भवनको शिलान्यास हुने बताउनुभयो।

सरुवा रोगका बिरामीले प्रदेशमा सेवा पुऱ्याउने उद्देश्यले सरकारले यसै आर्थिक वर्षमा अस्पतालका लागि बजेट विनियोजन गरेको हो । अहिले सङ्घमा एकमात्र शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल रहेको छ। स्थानीय तहमा बन्ने अस्पताल भवनको सङ्घीय सांसद र स्थानीय तहका प्रमुखले पनि शिलान्यास गर्नुहुनेछ । यसअघि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई अस्पतालको भवन शिलान्यास गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ। ७५३ स्थानीय तहमध्ये ६४९ स्थानीय तहमा अस्पताल नै रहेका छैनन् । तीमध्ये पहिलो चरणमा ३९६ स्थानीय तहमा अस्पतालको भवन शिलान्यास गर्न थालिएको हो । प्रदेश नं १ मा ३२ स्थानीय तहमा, प्रदेश नं २ मा २० स्थानीय तह, वाग्मती प्रदेशमा १९ स्थानीय तह, गण्डकी प्रदेशमा ५३ स्थानीय तह, लुम्बिनी प्रदेशमा ६० स्थानीय तह, कर्णाली प्रदेशमा २८ स्थानीय तह र सुदूरपश्चिम प्रदेशमा ३४ स्थानीय तहमा अस्पताल बनाउनका लागि भवन शिलान्यास गरिनेछ । अर्थ मन्त्रालयबाट पहिलो चरणमा ३९६ स्थानीय तहलाई पाँचदेखि १५ श्ययाको अस्पताल बनाउनका लागि रु ६४ अर्ब नौ करोड बजेट पठाइसकिएको हो।

पाँच श्ययाको अस्पतालका लागि रु ७० लाख, १० श्ययाका लागि रु ८५ लाख र १५ श्ययाका लागि रु एक करोड पठाइसकिएको छ।

# सहयोग गर्दै मनाइयो स्थापना दिवस

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ मंसिर**



सामाजिक सेवामा सक्रिय लायन्स क्लब अफ पोखरा पिस सिटीले आफ्नो नवौं स्थापना दिवसका विद्यालयमा शैक्षिक सामाग्री हस्तान्तरण गर्दै मनाएको छ।

क्लबले शनिबार तनहुँको भिमाद नगरपालिका वडा नं २ टेक्रेस्थित वालविकास माध्यमिक विद्यालयमा सहयोग गर्दै स्थापना दिवस मनाएको हो । लायन्स डिष्ट्रिक्ट ३२५ बि १ नेपाल अन्तर्गतको क्लबले विद्यालयका कक्षा १ देखि १० सम्म अध्ययनरत २०३ जना विद्यार्थीलाई ट्र्याकसुटका साथै स्टेशनरी र खेलकुदका सामग्री वितरण गरेको हो। क्लबले विगत केहि वर्ष यता स्थापना दिवस अनावश्यक खर्च गर्ने क्रमलाई परिवर्तन गर्दै विभिन्न सामाजिक काम गरी मनाउँदै आएको क्लबका पूर्व अध्यक्ष एवम् कार्यक्रम संयोजक टंकराज अधिकारीले जानकारी दिए।

सोही अवसरमा बाबा फाउण्डेशन नेपालद्वारा उपलब्ध गराईएको स्टेशनरी सामग्री पनि वितरण गरिएको थियो । फाउण्डेशनले विगत पाँच बर्षदेखि विद्यालयमा अध्ययनरत विद्यार्थीलाई शैक्षिक सामग्री उपलब्ध गराउदै आएको छ । कार्यक्रममा भिमाद नगरपालिकाका नगर प्रमुख मेखबहादुर थापाले फजुल खर्च गरी स्थापना दिवस मनाउनुभन्दा यस्ता कार्यका माध्यमबाट मनाउँदा सामाजिक योगदानका साथै अरुका लागि पनि अनुकरणीय बन्ने धारणा राखे । नगरपालिकाका शिक्षा शाखा प्रमुख पदमराज अचार्यले शिक्षाको गुणस्तरीयता अहिलेका आवश्यकता भएको बताउँदै त्यस तर्फ केन्द्रित बन्न विद्यालयलाई सुझाव दिए। संविधानले मौलिक हकका रुपमा शिक्षालाई उल्लेख गरेको चर्चा गर्दै उनले यसको प्रभावकारी कार्यान्वय हुनुपर्नेमा जोड दिए । क्लबले सामाजिक सेवाका क्षेत्रमा आँफूलाई अघि बढाइरहेको बताउँदै क्लबका अध्यक्ष रामप्रसाद अधिकारी र संस्थापक अध्यक्ष सुदीपराज ढुङ्गानाले विद्यालयमा यस अघि पुस्तकालय स्थापना लगायतमा पनि सहयोग गरेको जानकारी दिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ईमानसिंह थापा, प्रधानाध्यापक रामजी सिग्देल लगायतले व्यक्तिगत रूपमा सहयोग संकलन गरी क्लबको नाममा विद्यालयमा आवश्यक सामग्री उपलब्ध गराएकोमा क्लब परिवार र बाबा फाउण्डेशन नेपालप्रति आभार व्यक्त गरे । उक्त अवसरमा क्लबका संस्थापक अध्यक्ष ढुङ्गानाले क्लबका पूर्व अध्यक्षहरू, विद्यालयका प्रधानाध्यापक तथा अध्यक्ष लगायतलाई सम्मान गरेका थिए ।

# सांसद ...

संस्था किरियापुत्री भवन जाने बाटो स्तरोन्नतिमा रु २५ लाख बजेट विनियोजन गरिएको सांसद भट्टराईले जानकारी दिनुभयो । वडा नं ८ को शिवालय मार्ग ढल निर्माण र रक्तसञ्चार केन्द्र पूर्वाधार निर्माणमा रु २०/२० लाखका दरले विनियोजन गरिएको छ।

पोखरा-३३ को खैरेनी सिगारेवास, लामगादी, उपल्लो पुँडीटार सामुदायिक भवन निर्माणमा रु २० लाख, वडा नं २० को हरिहर आमा समूह, शिव बहुउद्देश्यीय भवन तथा देवीडाँडा मालिकमार्ग सडकमा रु १५ लाख, मौजा लामडाँडा खेलमैदान र कुरगाउँ सांस्कृतिकस्थल संरक्षणमा रु १५ लाख वडा नं २१ को सेल्टारी कृषि सडक र एकहाते रामदी खानेपानीका लागि रु १५ लाख बजेट छुट्याइएको छ । वडा नं ९ मा महेन्द्र मावि र नवप्रभात माविका भौतिक संरचना निर्माणमा रु १० लाख, जलारी समाज भवन, शान्ति दर्शन बहुउद्देश्यीय भवनमा रु १० लाख र शान्ति वनस्थित स्मृति सभाहल र साहारा आधारभूत विद्यालयको स्तरोन्नतिका लागि रु १० लाख तथा जिल्ला ट्राफिक कार्यालयमा पूर्वाधार निर्माणमा रु १० लाख छुट्याइएको छ। वडा नं १५ मा फूलबारी मार्ग सडक र अलकापुर मार्ग स्तरोन्नतिका लागि रु १५ लाख दरले बजेट विनियोजन गरिएको छ।

वडा नं १७ मा आँखा अस्पतालदेखि रामनगरटोलको सडक स्तरोन्नतिमा रु १५ लाख तथा खरबारी सोतोको भलपानी निकास र जनकल्याण टोल भवनका लागि रु १५ लाख छुट्याइएको छ । यसैगरी पोखरा-४ मा बूढानीलकण्ठ बहुउद्देश्यीय सामुदायिक भवन निर्माण र गणेश मन्दिर पछाडिको सडक स्तरोन्नतिमा रु १०/१० लाख विनियोजन गरिएको छ।

# स्थिरता र स्थायित्व नै समृद्धिको आधार हो : प्रदेश प्रमुख शेरचन

**पोखरापत्र संवाददाता**
**लमजुङ, १४ मंसिर**

गण्डकी प्रदेशका प्रमुख अमिक शेरचनले स्थिरता र स्थायित्वले नै देश समृद्ध बन्ने बताएका छन् ।

जिल्लाको बैंसीशहर नगरपालिकाको बैठक कक्षमा आज आयोजना गरिएको भेटघाटमा प्रदेशप्रमुख शेरचनले स्थिरता र स्थायित्वका सबै मिलेर अघि बढ्नुको विकल्प नभएको बताए। प्रमुख शेरचनले भने, 'समृद्ध नेपाल राष्ट्रको एजेन्डा पूरा गर्न स्थिरता र स्थायित्व अनिवार्य छ।' संविधानले विगतभन्दा धेरै अधिकार दिएको उल्लेख गर्दै प्रमुख शेरचनले भने, 'जनता पछाडि परेको क्षेत्रलाई माथि उठाउनु जरुरी छ। सरकारले शिक्षा र स्वास्थ्य क्षेत्रमा जोड दिनुपर्छ।

नागरिक पछाडि पर्नुको कारणको खोजी गरी उनीहरुको आर्थिक अवस्था उकास्न जरुरी छ।' भेटघाटमा प्रतिनिधिसभाका सदस्य यशोदा सुवेदी, संविधानसभा सदस्य जमीन्द्रमान घले, प्रदेशसभा सदस्य मधु अधिकारी, प्रजिअ कृष्णप्रसाद शर्मा, जिल्ला समन्वय समितिका प्रमुख लोकराज पाण्डे, सुन्दरबजार नगरपालिकाका प्रमुख जनकराज मिश्र, राइनास नगरप्रमुख सिंहबहादुर थापा, क्व्होलासोंथर गाउँपालिका अध्यक्ष प्रेमबहादुर घले, मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ, दोर्दी गाउँपालिकाका अध्यक्ष ओमबहादुर गुरुङलगायत जिल्लास्थित कार्यालय प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो।

# गण्डकीमा थप १०५ जनामा संक्रमण पुष्टि, थप २ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ मंसिर**

गण्डकी प्रदेशमा आइतबार थप १०५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार पोखराका महानगरका ५० र रुपाका ८ गरी कास्कीका ५८ जना सहित गोरखाका १८ जना, नवलपुरका १२ जना, तनहुँका १० जना, स्याङजाका ३ जना तथा पर्वत र लमजुङका २/२ जना गरी थप १०५ जनामा कोरोना देखिएको निर्देशनालयले जनाएको छ।

यस संगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको संख्या ११ हजार ९ सय ६७ पुगेको छ । पछिल्लो २४ घन्टामा थप ४२ जना निको भएसंगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या ६ हजार ९ सय १० पुगेको छ।

कोरोनाका कारण प्रदेशमा थप २ जनाको मृत्यु भएको छ । स्वास्थ्य निर्देशनालयका अनुसार संक्रमण पुष्टि भइ पोखराका छुट्टाछुट्टै अस्पतालमा उपचाररत २ पुरुषको मृत्यु भएको हो।

मंसिर ११ गते कोरोना संक्रमण पुष्टि भइ पोखराको गण्डकी मेडिकल कलेजमा उपचाररत पोखरा १९ का ५७ वर्षीय पुरुषको शनिबार राति उपचारकै क्रममा मृत्यु भएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशक डा. विनोद विन्दु शर्माले जानकारी दिए। त्यसै गरी मंसिर ७ गते कोरोना संक्रमण पुष्टि भइ पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको कोभीड- १९ उपचार केन्द्रमा उपचाररत पोखरा ११ का ६० वर्षीय पुरुषको आइतबार बिहान उपचारको क्रममा मृत्यु भएको निर्देशक डा. शर्माले जनाए। यस संगै गण्डकी प्रदेशमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या १५४ पुगेको छ।



स्वास्थ्य नै ठूलो धन हो ।
कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं,
अत्यावश्यकीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं ।

- अनिवार्य रुपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्य रुपमा मास्क लगाउन सु-सूचीत गरौं ।
- सेवा प्रवाह भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं ।
- कुनै पनि स्वास्थ्य समस्या भएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।


सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



Study In Japan
अब तपाईको जापान जाने चाहाना हामी पुरा गर्छौं।
Admission Open
Hurry up
हाम्रा विशेषताहरू :
- Very High Visa Success Rate
- Part Time Job Support by School
- जापानका सबै मुख्य शहरहरुमा Apply गर्न सकिने
- जापानमा १० औं वर्ष अध्ययन/अध्यापन गराई आउनु भएका अनुभवी तथा परिपक्क व्यक्तिहरुबाट संचालित संस्था ।
- बिहान ६ बजेबाट बेलुकी ६ बजेसम्म जुनसुकै समय अध्ययन गर्न पाइने ।
- DVD/ Video मार्फत अध्ययन गराइने ।
- अनुभवी शिक्षकहरुबाट अध्यापन गराइने हुँदा NAT/JLPT मा उत्तिर्णदर धेरै उच्च ।
- Working का कक्षाहरु धमाधम भइरहेको छ ।

सम्पर्क :
S. Raj Language Institute
Mahendrapul, Pokhara (अन्नपूर्ण सुपरमार्केट अगाडि)
061–531258, 9846511845



के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५३२५०८, ०६१-५२०६५१, ०६१-५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# महासंघमा नयाँ नेतृत्व

नेपाल उद्योग वाणिज्य महासंघको ५४ औ साधारणसभाले नयाँ नेतृत्व चयन गरेको छ । महासंघको वरिष्ठ उपाध्यक्ष स्वतःअध्यक्ष हुने भएकोले बरिस्ठ उपाध्यक्षमा कडा प्रतिस्पर्धा हुने गरेको छ । अर्को कार्यकालको नेतृत्व लिन प्यानल बनाएर चुनावमा होमिएका ब्यवसायिहरु मिश्रित परिणाम पाएका छन।बरिस्ठ उपाध्यक्षमा व्यवसायी चन्द्रप्रसाद ढकाल निर्वाचित भएका छन। आइतबार बिहान सम्पन्न मतगणनामा ढकालले आफ्ना प्रतिद्वन्द्वी किशोर प्रधानलाई पराजित गरेका छन । महासंघको नयाँ नेतृत्वका लागि शनिबार निर्वाचन भएको थियो ।

महासंघको निर्वाचन समितिका अनुसार विजयी भएका ढकालले ३० प्रतिशत मतभार रहेको एशोसिएटमा ५२२ मत प्राप्त गर्दा प्रधानले ३७५ मत पाएका थिए । यस्तै २० प्रतिशत मत भार रहेको वस्तुगतमा ढकालले ५९ मत र प्रधानले ३९ मत प्राप्त गरे। । त्यसैगरी ५० प्रतिशत मतभार रहेको जिल्लारनगरतर्फ ढकालले ५२ मत तथा प्रधानले ५३ मत प्राप्त गर्न सफल भए । निर्वाचन समितिका अनुसार वरिष्ठ उपाध्यक्षमा विजयी ढकालले समग्रमा ५४.२६ प्रतिशत मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी प्रधानले ४५.७४ प्रतिशत मत प्राप्त गर्न सके। यो विजयसँगै ढकाल निजीक्षेत्रको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासंघको २०औँ अध्यक्ष बन्ने निश्चित भएको छ । महासङ्घको विधानअनुसार वरिष्ठ उपाध्यक्ष नै आगामी कार्यकालको अध्यक्ष बन्ने व्यवस्था छ। सोही विधानअनुसार हालका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले अध्यक्षको जिम्मेवारी सम्हालेका छन ।

वरिष्ठ उपाध्यक्षसहित अन्य पदका लागि ढकाल र प्रधान समूहले प्यानल नै बनाएर उम्मेदवारी दिएका थिए । त्यसमा वस्तुगततर्फको उपाध्यक्षमा अञ्जन श्रेष्ठ, जिल्ला नगरतर्फ दिनेश श्रेष्ठ विजयी हुन सफल भए । उनीहरू दुवै जना प्रधान समूहबाट निर्वाचनमा होमिएका थिए । वस्तुगततर्फ विजयी भएका अञ्जन श्रेष्ठले ६२ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी उमेशलाल प्रधानले ३७ मत पाए। जिल्ला नगरतर्फका उपाध्यक्ष दिनेश श्रेष्ठले ५८ मत प्राप्त गरी विजयी हुँदा ढकाल समूहका गुणनिधि तिवारीले ४७ मत प्राप्त गरे । यस्तै एसोसिएट्सतर्फ ढकाल समूहका रामचन्द्र संघाई विजयी भए । संघाईले ४५५ मत प्राप्त गर्दा उनकाप्रतिद्वन्द्वी सौरभ ज्योतिले ४३४ मत प्राप्त गरे । मतपरिणाम सार्वजनिक भएपछि पत्रकारलाई संक्षिप्त प्रतिक्रिया दिँदै ढकालले अब महासंघलाई बलियो र सबल संस्थाको रूपमा षअगाडि लैजाने प्रतिबद्धता जनाएका छन । अब चुनावसँगै प्यानल पनि सकियो भन्ने घोषणाले निजी क्षेत्र एकताबद्ध हुनुपर्ने समयको माग हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मन चञ्चल |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शारिरीक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

U.K. DIPLOMA IN CULINARY ARTS (COOKING)

HURRY UP ADMISSSIONS OPEN NOW..!

(CITY & GUILDS U.K. AFFILIATION) International level Education in Pokhara

Courses starts @ 1 lakh 50 thousand only

JUST 6 MONTHS INTERNATIONAL DIPLOMA & GET PAID INTERNSHIP/JOB OFFERS IN STAR HOTELS/RESTAURANTS

WORK, EARN & LEARN

OUR CERTIFICATES ARRIVE DIRECTY FROM LONDON (UK.)
BECOME AN INTERNATIONAL CHEF..!

EASY FEES PAYMENT OPTIONS

Affiliated with Council for Technical Education and Vocational Training (CTEVT) City & Guilds



Everest 061-536158 9846038664 9806600725 9813058235

Institute of Hotel Management Pvt.Ltd.

Mahendrapool, Pokhara - 9

www.eihm.com.np / info@eihm.com.np


# बढ्यो पर्यटकीयस्थलमा चहलपहल

– खेमराज गौतम
बागलुङ, १४ मंसिर

कोभिड-१९ का कारण गत वर्षदेखि सङ्कटमा परेको बागलुङको पर्यटन पुनः जुर्मुराउन थालेको छ । बन्दाबन्दीकै समयमा जिल्लामा आधा दर्जन नयाँ पर्यटकीय गन्तव्य पहिचान गरिएको छ । कोरोना र यसका कारण गरिएको बन्दाबन्दीमा घर आसपासमा खुम्चिएका नागरिक अहिले फेरि घुम्न निस्किने प्रचलन बढेको छ । पछिल्लो समय गाउँ गाउँमा होमस्टे (घरबास)को विकास, पर्वत-बागलुङ जोड्ने विश्वकै लामो दाबी गरिएको झोलुङ्गे पुल निर्माण हुनु, बुद्ध हिल, सोलेडाँडा, कालिलेक, डुडेलेक, बेलढुङ्गा, हाँडिकोट जस्ता नयाँ पर्यटकीय गन्तव्यको पहिचान, पूर्वाधार विकास, प्रचारप्रसार र प्रवर्द्धनसँगै पर्यटकको चहलपहल हुन थालेको हो ।

कोरोनाका कारण आवागमन ठप्प प्रायः बनेका बागलुङको भकुण्डे, सर्वसिद्धि धाम पञ्चकोट, प्रसिद्ध बागलुङ कालिका भगवती मन्दिर, शालिग्राम सङ्ग्रहालयमा पछिल्लो समय आन्तरिक पर्यटकको आवागमन र चहलपहल बढ्न थालेको होटल व्यवसायी सङ्घ बागलुङका अध्यक्ष निलेश राजभण्डारीले जानकारी दिनुभयो । "कोरोनामा शून्य भएको पर्यटन क्षेत्रमा केही आशा र उत्साहको परिदृश्य देखिन थालेको छ, नयाँ गन्तव्यको पहिचान, पूर्वाधार विकास, प्रचारप्रसार र प्रवर्द्धन गर्न सके छिट्टै जिल्लामा पर्यटन चहलपहल बढ्नेछ", अध्यक्ष राजभण्डारीले भन्नुभयो ।

दशैँको केही दिनअघि मात्रै बागलुङको पर्यटन प्रवर्द्धनमा लागेका युवाहरु जिल्लाको जैमिनी नगरपालिकास्थित हाँडीकोट टापु पुगेका थिए । घुमन्ते र पर्यटन क्षेत्रमा कलम चलाएका र प्रवर्द्धनमा सक्रिय युवा तथा पत्रकार हाँडिकोट पुगेपछि अहिले हाँडिकोट चर्चामा छ । त्यस क्षेत्रमा अहिले आन्तरिक पर्यटक दैनिकजसो आउने क्रम बढेको स्थानीय तिलक क्षत्रीले बताउनुभयो। सोही समूहका युवाहरूले पुनः दशैँपछि नयाँ पदमार्गको पहिचान र प्रवर्द्धन गर्ने उद्देश्यसहित काठेखोला गाउँपालिकाको वडा नम्बर ३ धम्जा ओखले र म्याग्दीको बेनी नगरपालिका-३ भकिम्लीको सीमानामा अवस्थित बेलढुङ्गाबाट ताराखोलाको डुडेलेक, तमानखोलाको सोलेडाँडा बराह ताल हुँदै ढोरपाटनसम्म एक हप्ताको पैदल यात्रा गरे । यसलाई उनीहरुले 'मगर सामुदायिक पदमार्ग' नामकरण गरे । यस पदमार्गमा मगर समुदायको अधिक बस्ती भएको र संस्कार संस्कृति, खानपान, स्वागत सत्कार सबै हिसाबले मगर सामुदायिक पदमार्ग नामकरण गरिएको फोटोग्राफर आरके अदिप्त गिरीले बताउनुभयो । अब लामो सफर गर्न चाहनेलाई यस रुटमार्फत पदयात्रा गर्ने अवसर हुनेछ । 'पहिला गृह जिल्ला अनि स्वदेशका चार किल्ला' भन्ने नारासहित कारोना कहरकै बीचमा बागलुङको स्थापित र नयाँ सम्भावनाका गन्तव्यमा पुगेर पर्यटन प्रवर्द्धनात्मक अभियान चलाइरहेको पर्यटन अभियानकर्मी एवं घुमन्ते टोलीका सदस्य खिमबहादुर क्षत्रीले बताउनुभयो । "बन्दाबन्दीकै बीचमा बागलुङका नयाँ पुराना पर्यटकीय गन्तव्यमा पुगियो, समाचार, सामाजिक सञ्जाल र युट्युबको माध्यमबाट धेरै प्रचारप्रसार प्रवर्द्धन गरेर यो बीचको समय उपयोग गरियो", क्षत्रीले भन्नुभयो "सामाजिक सञ्जालबाटै युवा बागलुङ जिल्लाका पर्यटकीय गतिविधिप्रति आकर्षित भइरहेका छन्, यसको प्रभावले पर्यटकीय गतिविध बढ्दै गएको छ ।" बन्दाबन्दीकै बीचमा बागलुङ नगरपालिकाभित्रै बुद्ध हिलले पनि पहिचानसँगै राम्रै चर्चा पायो । बागलुङ नगरपालिका-६ र ७ को सिमानामा पर्ने बैजनीको पाखोमा रहेको बुद्धको आकृति भएको पहाडले पहिचान पाएसँगै अहिले दैनिक १०० को हाराहारीमा पर्यटक पुग्ने गरेको बागलुङ-६ का वडाध्यक्ष खिमराज सापकोटाले बताउनुभयो । स्थानीय तहले पर्यटकीय क्षेत्रप्रति चासो देखाउनु, पर्यटकीय क्षेत्र भ्रमणमा युवा पुस्ताको आकर्षण तथा बढ्दो सामाजिक सञ्जालको प्रयोगले पर्यटन क्षेत्रको प्रवर्द्धनमा सहज भएको धौलागिरि पर्यटन प्रवर्द्धन विकास समितिका अध्यक्ष खिमानन्द कँडेलले जानकारी दिनुभयो । उहाँले ताराखोला गाउँपालिका, गलकोट नगरपालिका र काठेखोला गाउँपालिकाको सङ्गमस्थलका रूपमा रहेको कालिलेक, पाण्डवखानीको पञ्चधारा जस्ता नयाँ स्थानको समय कोरोना कहरका बीचनै बाहिर आएको बताउनुभयो । विश्वकै लामो दाबी गरिएको बागलुङ नगरपालिका-१ रामरेखा र पर्वतको पाङ अदुवाबारी जोड्ने पुल अवलोकनका लागि बाहिरी जिल्लाबाट पर्यटक आइरहेका छन् । सरकारले लामो समयदेखि मठमन्दिर, धार्मिक गतिविधिमा रोक लगाए पनि पछिल्लो समय कालिका मन्दिर दर्शनमा आएका भक्तजनलाई सामाजिक दूरी कायम गरी दर्शन गर्ने व्यवस्था मिलाएको बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितका अध्यक्ष राजु खड्काले बताउनुभयो । "दर्शन गर्न आएकालाई फर्काउन पनि समस्या भयो, पर्यटकीय क्षेत्रमा चहलपहल शुरु भइसकेपछि कालिका मन्दिर दर्शन गर्न आउनेको सङ्ख्यामा विस्तारै वृद्धि भएको छ", बागलुङ पर्यटन विकास समितिका अध्यक्ष रहनुभएका खड्काले भन्नुभयो "कोरोनाले खुम्चाएको पर्यटन क्षेत्रमा पछिल्लो समय आन्तरिक पर्यटकको चहलपहल भइरहेको छ ।"

# जिससद्वारा सात रकम विनियोजन

पोखरापत्र संवाददाता
पर्वत, १४ मंसिर

जिल्ला समन्वय समितिको शुक्रबारको चौथो जिल्लासभाले जिल्ला समन्वय समितिको मौज्दात कोषमा रहेको रु पाँच करोड ६१ लाख ६८ हजार ५०० मध्ये जिल्लाका सात स्थानीय तहलाई रु ४० लाखका दरले विनियोजन गरेको छ । मौज्दात रकममध्ये रु दुई करोड ६१ लाख ६८ हजार ५०० जिल्ला समन्वय समितिको नयाँ भवन निर्माणका लागि खर्च गरिने र बाँकी रहेको रकम सातवटै पालिकालाई रु ४० लाखका दरले विनियोजन गर्ने निर्णय सभाले गरेको जिल्ला समन्वय अधिकारी सुरेश ढकालले जानकारी दिनुभयो ।

सो रकम साविक जिल्ला विकास समितिबाट जिम्मेवारी सरेर आएको हो । विनियोजित बजेटबाट सातवटै स्थानीय तह र समन्वय समितिको साझेदारीमा विभिन्न योजना बनाउनुपर्ने निर्णय गरिएको छ। समितिको भवन निर्माण प्रक्रियासमेत यसै आर्थिक वर्षदेखि शुरु गरिने ढकालले जानकारी दिनुभयो । सभाले जिल्लामा ढुङ्गा, गिटी बालुवा उत्खनन बिक्री र व्यवस्थापनसम्बन्धी कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त, ठेक्का प्रक्रिया, अनुगमन समितिले दिएका निर्देशनसमेत स्थानीय तहले पालना गर्ने निर्णय गरिएको जिल्ला समन्वय अधिकारी ढकालले जानकारी दिनुभयो ।

# गरिवी घटाउन सहकारी महत्वपूर्ण : अध्यक्ष कुँवर




पोखरापत्र संवाददाता
पोखरा, १४ मंसिर

अन्नपूर्ण गाउँपालिका-१, नागडाँडा स्थित हाम्रो अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लिमिटेडको प्रारम्भिक साधारणसभा शनिवार सम्पन्न भयो । प्रमुख अतिथि गाउँपालिका अध्यक्ष युवराज कुँवरले सहकारीले ग्रामिण क्षेत्रमा व्याप्त गरिवीलाई घटाउन विशेष भुमिका खेल्ने उल्लेख गर्दै गाउँपालिकाले संचालन गरिरहेको खाना नफालौं अभियान बारेमा जानकारी दिए ।

विशेष अतिथी गाउँपालिका उपाध्यक्ष सगुन गुरुङले सहकारी स्थापना देखि लिएर संचालनमा ल्याउदासम्मका अनुभवहरु प्रस्तुत गर्दै सहकारी सेवामुखी हुनुपर्नेमा जोड दिइन् । अन्नपूर्ण ३ का वडाध्यक्ष चन्द्रबहादुर गुरुङले सहकारी मार्फत युवाहरु एकजुट भएको भन्दै खुशी व्यक्त गरे ।

सो अवसरमा गाउँ कार्यपालिका सदस्य भगवती भण्डारी, शिखर वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष शुशिल भट्टचन, गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख बलराम भुगाई, शेयर सदस्यको तर्फबाट डिलमाया सुनार लगायतले भनाई राखेका थिए । कार्यक्रमका बीच संस्थाका अध्यक्ष सुजन अधिकारी, सचिव ईश्वर पौडेल र कोषाध्यक्ष शुशिल भण्डारीद्वारा प्रस्तुत विभिन्न प्रतिवेदन सर्वसम्मत पारित भए ।

साधारणसभाले पुनः सुजन अधिकारीको अध्यक्षतामा ११ सदस्यीय संचालक समिती सर्वसम्मत गठन गरेको छ । जसमा केशव पौडेल उपाध्यक्ष, ईश्वर पौडेल सचिव, शुशिल भण्डारी कोषाध्यक्ष, बैकुण्ठ दाहाल सहसचिव, सुलोचना पौडेल सहकोषाध्यक्ष तथा सदस्यहरुमा डिलमाया सुनार, रामचन्द्र तिवारी, कविराज पौडेल, दुर्गादेवी बराल पौडेल र मनिषा कुँवर छन् । त्यस्तै उद्धवराज सुवेदीको संयोजकत्वमा नबिन गुरुङ र एकनारायण पौडेल सदस्य रहेको लेखा समिति पनि चयन गरिएको छ ।

तदर्थ समितिका अध्यक्ष सुजन अधिकारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सदस्य मनिषा कुँवरले स्वागत तथा सचिव ईश्वर पौडेलले संचालन गरेका थिए ।संस्थामा हाल दुई सय १८ शेयर सदस्य छन् ।


**नेपाल सरकार**
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, अर्घाखाँची**
**सन्धिखर्क, अर्घाखाँची**

## सिलवन्दी दरभाउपत्र आहवानको सूचना

सूचना प्रकाशित मिति : मिति २०७७ /०८/१४ गते

यस कार्यालयको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्माण हुने ट्रष्ट निर्माण कार्य शिलवन्दी दरभाउपत्र द्वारा गराउनको लागी निर्माताहरुले निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१) दरभाउपत्र फाराम यो सुचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र चालु आ.व. २०७७/७८ को लागि नविकरण भएको इजाजत प्रमाणपत्रको प्रतिलिपी, आयकर दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी, मु.अ.कर दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी र आ.व. २०७६/७७ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी समेत संलग्न राखी कार्यालयले तोकेको दस्तुर (फिर्ता नहुने) तिरी यस कार्यालय बाट प्राप्त गर्न सकिने छ ।
२) १५ औ दिनको कार्यालय समय भित्र खरिद भएका दरभाउपत्र फारम १६ औ दिनको १२.०० बजे भित्र सिलवन्दी गरी खाममा सम्बन्धित योजनाको नाम र विवरण स्पष्ट लेखी यस कार्यालयमा पेश गर्नुपर्ने छ ।
३) १६ औ दिनको १२.०० वजेभित्र दर्ता भएका दरभाउ पत्रहरु सोही दिनको २.०० बजे कार्यालयका प्रतिनिधि तथा ठेकेदार वा निजका प्रतिनिधिहरुको रोहवरमा मालपोत कार्यालय, अर्घाखाँची मा खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट सोही समयमा खोलिने छ । ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि सिलवन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
४) जमानत वापत तपशिलमा उल्लेखित रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, अर्घाखाँचीको रा.बा बैक सन्धिखर्कमा रहेको धरौटी खाता नं. ३०५०१००१०२०३००००, यस कार्यालयको कोड ३३६०१५१०१ मा दाखिला गरेका सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा सम्वन्धित योजनाको लागि जारी भएको कम्तीमा ९० दिन म्याद भएको विडबन्ड (वैंक ग्यारेन्टी) पेश गर्नुपर्ने छ ।
५) दरभाउपत्र फाराममा आफुले कबोल गरेको अंक र अक्षरमा स्पष्टरुपमा उल्लेख गरेको हुनुपर्ने छ । यदि अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ ।
६) पेश भएका दरभाउपत्रहरु मध्ये स्वीकृत भएका सिलवन्दी दरभाउपत्रवालाले आफुले कबोल गरेको अंकको ५ प्रतिशतले नपुग हुने रकम यस कार्यालयको धरौटी खातामा दाखिला गरेको सक्कल भौचर वा कम्तीमा ६ महिना म्याद भएको यस कार्यालयको नाममा जारी भएको बैंक जमानी पत्र (परफरमेन्स वण्ड) पेश गनुपर्ने छ ।
७) म्याद नाघी वा रित नपुगी प्राप्त भएका दरभाउपत्रहरु उपर कुनै कारवाही हुने छैन ।
८) सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने, अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
९) कुनै शर्त राखी पेश भएका सिलवन्दी दरभाउपत्र मान्य हुने छैन ।
१०) यसमा उल्लेख भए बमोजिम बाहेक छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित ऐन नियम बमोजिम हुने छ ।
११) यस सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

| सि.नं. | ठेक्का नं. | विवरण | ल.ई अंक (भ्याट र कन्टिन्जेन्सी बाहेक) | फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | ०१/२०७७/७८ | छतमा ट्रष्ट निर्माण | ८५४७०१.०९ | १०००।- | २५,०००।- |

कार्यालय प्रमुख

# ओझेलमा छ सेनवंशी राजाले शासन गरेको 'तनहुँसुर'

पोखरापत्र संवाददाता
दमौली, १४ मंसिर

सेनवंशी राजाले शासन गरेको तनहुँसुर प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ। प्रचूर सम्भावना भए पनि प्रचारप्रसार नहुँदा तनहुँसुर ओझेलमा परेको हो।

प्रचारप्रसारको अभावमा ओझेलमा परेको यस ठाउँको पर्याप्त प्रचार गर्न सकिए तनहुँसुर पर्यटकीय गन्तव्यका रुपमा विकास हुने स्थानीयवासी बालकृष्ण श्रेष्ठले बताउनुभयो। "तनहुँसुर ऐतिहासिक महत्व बोकेको ठाउँ हो, तर यो ओझेलमा पर्दा स्थानीयवासीले फाइदा लिन सकेका छैनन्", उहाँले भन्नुभयो, "यसतर्फ सम्बन्धित सरोकारवालाको ध्यान जानुपर्छ।"

तनहुँ जिल्लाको नाम तनहुँसुरबाट अप्रभंश भएर रहेको भन्ने किंवदन्ती छ। पाल्पाका राजा मणिमुकुन्द सेनले आफ्ना जेठा छोरा भृङ्गीसेनलाई सन् १६१० मा तनहुँमा राज्य सञ्चालन गर्न पठाएको र उनीपछिका आठ सेनवंशी राजाले २३० वर्ष तनहुँसुरबाट राज्य सञ्चालन गरेको इतिहास रहेको छ। ऐतिहासिक, प्राकृतिक, सांस्कृतिकरुपमा धनी भए पनि यस क्षेत्र ओझेलमा परेको स्थानीयवासी कोषबहादुर थापाले बताउनुभयो। "तनहुँसुरको आफ्नै छुट्टै महत्व र विशेषता छ, तर यस ठाउँ ओझेलमा पर्दै गएको छ", उहाँले भन्नुभयो, "प्रचारप्रसार गर्न सकिए यस ठाउँ पर्यटकीय गन्तव्यका रुपमा विकसित हुनेमा द्विविधा छैन।" तनहुँसुरको सेनवंशी राजाको दरबारको भग्नावशेष अवस्थामा छ। सेनवंशी राजाको समयमा न्याय निसाफ गर्न प्रयोग गर्ने गद्दीचौतारा पनि संरक्षणको अभावमा रहेको स्थानीयवासी रानाको गुनासो छ। "गद्दी चौतारामा बसेर राजाले भाषण गर्ने, निर्णय लिने र त्यसलाई जनताले कार्यान्वयन गर्ने चलन थियो भन्ने इतिहास छ", थापाले भन्नुभयो, "तर अहिले गद्दी चौताराको संरक्षण हुन सकेको छैन।" विसं २०२५ सम्म भरिभराउ रहेको तनहुँसुर अहिले भने उजाड जस्तै बनेको छ। यहाँका नेवार समुदायको हटिया रित्तिएको छ। विकास र व्यापारको खोजीमा तनहुँसुरका नेवार समुदाय दमौली, चितवन, पोखरा, काठमाडौँलगायतका ठाउँमा बसाइँ सरेर गएका छन्। तनहुँसुरबाट हिमशृङ्खला, महाभारत पर्वत शृङ्खला, कलेस्तीफाट, चुँदीफाट, गोरखा तथा कास्की जिल्लाका विभिन्न स्थान अवलोकन गर्न सकिन्छ। पर्यटकीय सम्भावना बोकेको यस ठाउँको विकासका लागि व्यास नगरपालिकाले पहल थालेको वडाध्यक्ष निरबहादुर खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार तनहुँसुरसम्म पुग्ने खड्गदेवी मोटरमार्गको छ किलोमिटर खण्ड कालोपत्रको तयारी थालिएको छ। सङ्घीय सरकारको रु पाँच करोड र व्यास नगरपालिकाको रु पाँच करोड गरी रु १० करोड लागतमा सडक कालोपत्रको तयारी भइरहेको छ। वडाध्यक्ष खड्काका अनुसार हाल सडक फराकिलो, नाला निर्माण र ग्याविन जाली भर्ने काम भइरहेको छ। "तनहुँसुर ऐतिहासिक स्थल भएकाले यसको प्रचारप्रसारमा जुटेका छौँ", खड्काले भन्नुभयो।

पृथ्वीराजमार्गस्थित घाँसीकुवाबाट १५ किलोमिटरको दूरीमा अवस्थित तनहुँसुरमा सेन वंशीय राजाले राज्य सञ्चालन गर्दाका दरबार, हतियार, भाषण गर्ने गद्दीचौतारो, कालिका मन्दिर, रानीले नुहाउने इनारलगायत अवलोकन गर्न सकिन्छ। तनहुँसुरमा व्यास नगरपालिकाले रु ३५ लाखको लागतमा शहीद पार्क निर्माण गरेको छ। विसं २००७ को प्रजातान्त्रिक आन्दोलनमा यस ठाउँका छ जना शहीद भएका थिए। तनहुँसुरबाट हिमशृङ्खला, महाभारत पर्वत शृङ्खला, कलेस्तीफाट, चुँदीफाट, गोरखा तथा कास्की जिल्लाका विभिन्न स्थान अवलोकन गर्न सकिन्छ। केही समय अगाडि पुरातत्व विभागले तनहुँसुर दरबारको उत्खनन् गरेको थियो। सन् १६७५ तिरका पाल्पाका शक्तिशाली राजा मुकुन्दसेनले तनहुँसुरलाई आफ्नो राज्यमा मिलाएका थिए। तनहुँसुरका बारेमा प्रकाशित पुस्तक 'मोतीको माला' मा उल्लेख भएबमोजिम राजा मुकुन्दसेनको मृत्यु परोणान्त तनहुँ प्रदेशका प्रशासक छोरा भृङ्गीसेनले तनहुँलाई स्वतन्त्र राज्य घोषणा गरेका थिए। भृङ्गीसेनका छोरा हम्बिर सेन र धर्माङ्गद सेनबीच तनहुँ राज्यको उत्तराधिकारी हो हुने भन्ने विषयमा विवाद चलेको बताइन्छ।

उक्त विवादमा दलभञ्ज्याङका रणभञ्जन थापाले सहयोग गरेकाले राजा हम्बिर सेनले भाइ धर्माङ्गद सेनलाई तनहुँको राजगद्दीबाट हटाएका थिए। राजा हम्बिर सेनले भाई धर्माङ्गद सेनलाई तनहुँको राजा तँ न हो भनेकाले तनहुँ र भाई धर्माङ्गद सेनले ल म जुङ्गा भनेकाले लमजुङ नाम बन्न गएको किंवदन्ती रहेको छ। तनहुँसुरका अन्तिम राजा हरकुमारदत्त सेन र लमजुङका राजा वीरमर्दन शाह मनाङ, मुस्ताङ, पर्वत र पाल्पाको बाटो हुँदै तनहुँको शासनभार त्यागेर तनहुँको विरासत राज्य रामनगरमा पुगेर विश्राम लिएको बताइन्छ। तनहुँसुर विशेषतः नेवार र मगरको बस्ती बसेको स्थान हो। तनहुँसुरका प्रशासक भृङ्गीसेनले मणिमुकुन्द सेनको मृत्युपरोणान्त तनहुँसुरमा स्वतन्त्र ठकुराई स्थापना गरेको र त्यही बेलादेखि हिन्दु संस्कृति परम्पराअनुसार तनहुँ कालिकामाईको पूजाआजा र बलि दिने परम्पराको शुरुआत भएको भनाइ छ।

# सफल हुँदै चियाखेती

पोखरापत्र संवाददाता
बागलुङ, १४ मंसिर

बागलुङ जिल्लामा चियाखेती सफल र विस्तार हुँदै गएको छ। जिल्लाका विभिन्न स्थानमा परीक्षणका लागि लगाइएको चियाखेती राम्रो भएपछि स्थानीयवासी उत्साहित बनेका छन्।

मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ कार्यक्रम सञ्चालित काठेखोला गाउँपालिका-७ रेश, वडा नं ३ धम्जा, बागलुङ नगरपालिका-८ सिगानालगायतका क्षेत्रमा चियाखेती सफल हुने देखिएको छ। दुई वर्षअघि रेशको तिडरिङमा लगाइएको चिया अबको दुई वर्षभित्र उत्पादन दिने गरी फस्टाएको काठेखोला गाउँपालिका-७ रेशका वडाध्यक्ष प्रेम लामिछानेले जानकारी दिनुभयो। रेशमा अहिले झण्डै एक सय रोपनी क्षेत्रफलमा चियाखेती गरिएको छ। सामुदायिक वन, विद्यालयको जग्गा र सार्वजनिक स्थानमा चियाखेती विस्तार गरिएको अध्यक्ष लामिछाने बताउनुहुन्छ। अहिले रेश र सिगानाका किसानले खेर गएको बाँझो जग्गामा चियाखेती गर्न थालेका छन्। तीन वर्ष अगाडि सिगानाको बौडेचौर क्षेत्रमा लगाएको १५ हजार बिरुवामध्ये झण्डै १२ हजार बिरुवा उत्पादन दिने गरी बढिरहेको बागलुङ नगरपालिका-८ सिगानाका वडाध्यक्ष राजन जिसीले जानकारी दिनुभयो। "हाम्रोमा केही व्यक्तिगत र केही सार्वजनिक जग्गामा चियाखेती लगाइएको छ, शुरुमा १० हजार बिरुवा लगाइएकामा चार हजार थपियो" जिसीले भन्नुभयो, "सम्भाव्यता अध्ययनका क्रममा चियाखेतीको सम्भावना प्रवल देखिएपछि गरिएको प्रयास सफलता उन्मुख छ।" कोरोनाका कारण यस वर्षको योजना प्रभावित भए पनि आगामी वर्ष ५० हजारभन्दा बढी चियाका बिरुवा लगाउने योजना नगरपालिकाको छ। नमूना कृषि गाउँभित्र विद्यालयको जग्गा पर्ने भएकाले २७ रोपनी जग्गामा चियाखेती विस्तार गरिरहेको जनकल्याण आधारभूत विद्यालयका प्रधानाध्यापक थम्मनबहादुर जिसीले जानकारी दिनुभयो। सत्ताइस रोपनी जग्गामध्ये १०/१२ रोपनी जग्गामा चियाखेती लगाइसकेको र अन्य जग्गा चियाखेती विस्तारका लागि तयारी भइरहेको जिसीको भनाइ छ। "पाँच वर्षमा हुने चिया चार वर्षभित्रै तयारी हुने अवस्था देखियो" जिसीले भन्नुभयो, "अब व्यावहारिक रुपमै चियाखेती सफल हुने देखियो, यसलाई विद्यालयको आम्दानीको स्रोतका रुपमा ल्याउने गरी काम थालेका हौँ।" रेशको बौर, तिडरिङलगायतका क्षेत्रमा चियाखेती विस्तार भइरहेको छ।

चियाखेती विस्तारका लागि सिगानामा नगरपालिका र रेशमा गण्डकी प्रदेश सरकारले सहयोग गरिहेको छ। दुई वर्षभित्रै चिया नै उत्पादन गर्ने गरी चियाखेती विस्तार थालिरहेको काठेखोला गाउँपालिका-७ रेशका वडाध्यक्षप्रेमलामिछानेलेबताउनुभयो। "अब चियाखेती सफल हुनेछ, अन्य स्थानीयवासीले व्यक्तिगत जमिनमा लगाउन थालेका छन्", अध्यक्ष लामिछानेले भन्नुभयो,"शुरुमा लगानी र मेहनत खेर जाला भन्ने अवस्था थियो तर चिया हुर्केको देख्दा सफल भइयो भन्ने लागेको छ, रेश सिगाना मिलेर सानो सानो चिया उद्योगनै चलाउन सकिने सम्भावना छ।" चिया उद्योग स्थापनाका लागि चियाका बिरुवा थप्दै जानुपर्ने भएकाले अभियानलाई निरन्तरता दिन बिरुवामा अनुदानको कार्यक्रमलाई निरन्तरता दिनुपर्ने सिगानाका किसान खिमबहादुर खड्काले बताउनुभयो। चार वर्ष अघिसम्म क्षेत्रीय कृषि अनुसन्धान केन्द्रमा बाहेक साविक पश्चिमाञ्चल विकास क्षेत्रमा व्यावसायिक चियाखेतीको अभ्यास निकै कम थियो।

बागलुङ जिल्लामा तीन वर्ष अघिदेखि व्यावसायिक रुपमा चियाखेती गर्न थालिएको हो। पूर्वऊर्जा राज्यमन्त्री रामजीप्रसाद शर्मा, गण्डकी प्रदेश सांसद इन्द्रलाल सापकोटालगायतको अगुवाइमा साविकको अमरभूमि गाविसको सिरबारेमा गोल्डेन टी स्टेट कम्पनीमार्फत व्यावसायिक चियाखेती गरिएको थियो। चियाखेतीका लागि उच्च पहाडी र भिरालो जमिन उपयुक्त हुने भएका कारण पहाडी क्षेत्रमा चिया खेतीतर्फको आकर्षण बढ्न लागेको छ। सिरबारेमा गोल्डेन टी स्टेट कम्पनीको प्राविधिक सहयोगमा बागलुङमा अन्य स्थानमा चियाखेतीको उभार आउन थालेको हो। बागलुङ जिल्लाको समग्र क्षेत्रमा उत्पादन भएको चियाखेतीका आधारमा एउटा चिया प्रशोधन केन्द्र स्थापना गर्न सके यहाँका किसानलाई अझै फाइदा पुग्ने सिरबारेमा गोल्डेन टी स्टेट कम्पनीका सञ्चालक रामजीप्रसाद शर्माले बताउनुभयो।

# आधुनिक बसपार्क र सिटी हल बन्दै

पोखरापत्र संवाददाता
पर्वत, १४ मंसिर

सदरमुकाम कुश्मामा आधुनिक बसपार्क निर्माणसहित सिटी हल निर्माणका लागि प्रक्रिया शुरु भएको छ।

सङ्घीय सरकारको शहरी विकास मन्त्रालयले कुश्मामा बसपार्कसहित सिटी हल निर्माणका लागि बजेट विनियोजन गरेपछि निर्माणका लागि आवश्यक प्रक्रिया थालिएको हो। नगरपालिकाले सो कार्यका लागि डिपिआर तयार पारिसकेको छ।

तत्कालका लागि प्रारम्भिक काम गर्न मन्त्रालयले रु एक करोड बजेट पठाइसकेको कुश्मा नगरपालिकाले जनाएको छ। डिपिआर निर्माणपछि बहुवर्षे ठेक्काको प्रक्रिया शुरु हुने नगरपालिकाले जनाएको छ। अहिले रु एक करोड रकमबाट जग्गा सम्माउने, पर्खाल निर्माण गर्ने, प्रारम्भिक चरणमा आवश्यक पर्ने निर्माण सामग्री खरिद गर्नेलगायतका काम हुने नगरपालिकाका प्रमुख रामचन्द्र जोशीले जानकारी दिनुभयो। सरकारले बजेट पुस्तिकामा कुश्मामा बसपार्क निर्माण गरिने उल्लेख गरेको छ। कुश्मा नगरपालिकाले पनि आफ्नो नीति तथा कार्यक्रममा बसपार्कसहित सिटी हल निर्माणलाई प्राथमिकतामा राखेको छ। कुश्मा बजार विस्तार हुँदै गइरहेको, भित्री बाहिरी चक्रपथ निर्माण भइरहेको, पर्यटकीयस्थल थपिँदै गएकाले कुश्मा आधुनिक शहरको रुपमा विकास हुन थालेको जोशीले बताउनुभयो। शहरी विकास कार्यालय बागलुङलाई कुश्मा नगरपालिकाले प्रारम्भिक चरणमा गर्नुपर्ने कामको सूची तयार पारेर दिने तयारी गरेको छ। बसपार्क तीन तल्लाको निर्माण हुने गरी डिपिआर तयार भएको छ। भूईंतलामा ठूला बस, पहिलो तलामा सभाहल, दोस्रो तलामा साना सवारी पार्किङ गरिने र तेस्रो तलामा १५० जनाभन्दा बढी मानिस अट्ने हल निर्माण गरिने भएको छ। सबै काम सम्पन्न गर्न करिब एक रु अर्ब बजेट लाग्ने गरी डिपिआर तयार गरिएको प्रमुख प्रशासकीय अधिकृत हरि पङ्गेनीले जानकारी दिनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः वि. स. २०११/०४/०९

स्वर्गारोहण : वि.स. २०७७/०८/०२ गते

स्व: खिनु कुमारी दाहाल

यस सत्य सेवा आमा समूहका संस्थापक सदस्य एवं समाजसेवी **खिनु कुमारी दाहाल** को ६७ वर्षको उमेरमा भएको असामयिक निधनले अत्यन्तै मर्माहत र स्तब्ध भएको छ। वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

| प्रेम प्रसाद पराजुली<br>अध्यक्ष तथा<br>नागेश्वर भजन कृतन समूह परिवार | जमुनादेवी श्रेष्ठ<br>अध्यक्ष तथा<br>सत्य सेवा आमा समूह परिवार |
|---|---|

पोखरा महानगरपालिका-१३ बाँझापाटन



## Phedikhola Rural Municipality
## Office of The Rural Municipal Executive
### Phedikhola, Syangja
### Gandaki Province, Nepal

**Invitation for Sealed Quotation for the procurement of Medicines and medical accessories**

**Sealed Quotation No: 13/077/78/PRM**
**Date of First Publication: 30-11-2020**

1. The Phedikhola Rural Municipality invites sealed quotations from registered Suppliers for the Procurement of Medicines and medical accessories to the Phedikhola Rural Municipality; Contract ID: PRM-G-SQ-54-MEDICINE-077-78.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation forms at the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal; Phone: 063402053; email: phedikhola174@gmail.com
OR
may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Complete set of Bidding Documents may be purchased from the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 14-12-2020 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account and scanned copy of voucher of cost of quotation document should be attached in PDF form with their bid.
i. Name of the Bank :Prime Bank Ltd. ii. Name of Office :Phedikhola Rural Municipality
iii. Office Account No : 06500308CA.
5. Sealed bids must be submitted to the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal by hand or through e-GP system i.e. www.bolpatra.gov.np/egp, on or before 12:00 hrs. of 15-12-2020. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15-12-2020 on 13:00 hrs.at the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Nepal.
Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.40000, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.06500036CA at Prime Bank Ltd., Phedikhola, Syangja and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation. In case of e-submission the scanned copy of bid security or Dharauti cash deposit voucher in PDF format should be submitted with the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.